थबाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थबाङ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल।

## थबाङ गाउँपालिकाको अधिकार क्षेत्रभित्रको जलजला मन्दिर पूजा व्यवस्थापन सम्बन्धी गोप्य सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

***सूचना नं ४६/२०७७/०७८ प्रथम पटक प्रकाशित मिति – २०७७/१२/२२***

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(६) र ६४ एवम् थबाङ गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय बमोजिम आर्थिक वर्ष २०७७/७८ को लागि यस कार्यालयले तोकेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी थबाङ गाउँपालिका क्षेत्रअन्तर्गत पर्ने देहायका शीर्षकमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सो को लागि सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्धी दरभाउपत्र लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधीनमा रही आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष २०७६/०७७ को कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गरी रितपूर्वकको गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

| ठेक्का न | विवरण | न्यूनतम अङ्क (करबाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| १२/२०७७/७८ | जलजला मन्दिर पूजा व्यवस्थापन | रु. ७,००,०००/- (सात लाख रुपैयाँ) | रु. २,०००/-(दुई हजार रुपैयाँमात्र) | कबोल अङ्कको ५% (पाँच प्रतिशत) | १५ औँ दिनको १२ बजे भित्र |

**बोलपत्र सम्बन्धी शर्तहरु**

१.दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५औँ दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको लेखा शाखाबाट खरीद गर्न सकिनेछ र फाराम दस्तुर यस कार्यालयको ग्लोबल आइ एम इ बैङ्क लिमिटेड थबाङ शाखामा रहेको ग १.१ आन्तरिक राजश्व खाता थबाङ U604010000009 मा जम्मा गरेको बैङ्क सक्कल भौचर पेश गर्नुपर्नेछ। नियमानुसार दर्ता हुन आएका दरभाउपत्रहरु पन्ध्रौँ दिन (२०७८ वैशाख ०५ गते) दिनको १२ बजे भित्रमा दरभाउपत्र दर्ता र सोहि दिन अपरान्हको ३.०० बजे यस कार्यालयमा दरभाउपत्रदाताहरुको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाताहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन। दरभाउपत्र खरीद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो पछाडि लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु सञ्चालन हुनेछन्।

२. यस कार्यालयबाट प्रमाणित भएका बोलपत्र फारामहरु दरभाउपत्रदाता स्वयम् वा रितपूर्वक लिखत वारेस पठाई तोकिएको दस्तुर बुझाई खरीद गर्नुपर्नेछ।

३. दरभाउपत्र फाराम खरीद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर/ मु अ करको प्रमाणपत्र तथा आर्थिक वर्ष २०७६/७७ को कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

४. दरभाउपत्र फाराम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग लेखी कबोल अङ्कको कम्तीमा ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइ एम इ बैङ्क लिमिटेड थबाङ शाखामा रहेको धरौटी खाता ग ३ धरोटी खाता थबाङ U604010000003 मा रकम जम्मा गरेको सक्कल बैङ्क भौचर वा मान्यता प्राप्त बैङ्ले यस कार्यालयको नाममा सोही रकम बराबरको कम्तीमा १२० दिन म्याद भएको बैङ्क जमानी पत्र गोप्य सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ। कबोल गरेको रकम अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

५. यसपूर्व यस कार्यालयबाट कुनै पनि ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको दरभाउपत्रलाई मान्यता दिइने छैन। तर दरभाउपत्र पेश गर्नुभन्दा अगावै फरफारक गरेमा दरभाउपत्र पेश गर्न कुनै बाधा पर्ने छैन।

६. दरभाउपत्र स्वीकृत भईसकेपछि दरभाउपत्रदाताले मान्यताप्राप्त वाणिज्य बैङ्कले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७७ श्रावण मसान्तसम्म म्याद भएको रीतपूर्वकको जमानी पत्र (Performance Bond) पेश गर्नुपर्नेछ।

७. स्वीकृत ठेक्का अङ्कलाई दुई किस्तामा विभाजन गरिएको छ। पहिलो किस्ता ६०% (साठी प्रतिशत) र अन्तिम किस्ता ४०% (चालीस प्रतिशत) मध्ये पहिलो किस्ता ६०% सम्झौताको बखत दाखिला गरी बाँकी ४०% को हकमा जमानत बापत नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैङ्कबाट २०७८ भाद्र मसान्तसम्म मान्य हुने बैङ्क ग्यारेण्टी (Performance Bond) पेश गर्नुपर्नेछ। ४०% रकमको किस्ता सम्झौता समयभित्र भुक्तानी गर्नुपर्नेछ।

२१. माथि उल्लेखित शर्तहरु उल्लङ्घन गरेमा वा तोकिएको किस्ता म्यादभित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैङ्क ग्यारेण्टीबाट अशुल उपर गर्ने गरी कानुनी प्रकृया अपनाइने छ साथै अशुल गर्न बाँकी रकममा १०% थप क्षतिपूर्तिसमेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ।

२२. थप विवरण Bid Document अनुसार हुनेछ।

***अन्य जानकारीका लागि सम्पर्क नं – ९८५७८७७०४१, ९८४९८८८५४५***

इमेल – thabangrm58@gmail.com

रेवत बहादुर बुढाथोकी

प्रमुख प्रशासकीय अधिकृत